# लिसंखु पाखर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

अत्तरपुर, सिन्धुपाल्चेक
बागमती प्रदेश, नेपाल

प. सं ०७६/०७७
च.नं १६५२

मितिः २०७७/०२/१३

विषय : दादुरा रुबेला खोप अभियान संन्चालन सम्बन्धमा ।

श्री सबै स्वास्थ्य संस्थाहरु ।

उपरोक्त सम्बन्धमा राष्टिय दादुरा रुबेला खोप अभियान २०७६।७७ चैत्र १५ देखी संन्चालन गर्ने तयारी भएकोमा कोरोना भाइरस(covid-19) को जोखीमका कारण अभियान स्थगीत भएकोमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको च.न ५०५ मिती २०७७।०२।०१ तथा स्वास्थ्य कार्यलय सिन्धुपाल्चोकको प.स ०७६।७७ च.न ३६० मिती २०७६।०२।११ गतेको पत्र अनुसार नियमीत खोप तथा अभियानहरु कोभिड १९को महामारीको समयमा खोप सेवा संन्चालनको लागि तयार गरीएको मार्गदर्शनमा उल्लेख भएका नियमहरुको पालना गरी संन्चालन गर्ने भनि निर्देशन पाप्त भएकोले यस गाउँपालिका भित्रका ७ वटै स्वास्थ्य संस्थाहरुबाट दादुरा रुबेला खोप अभियान यही जेठ १८ देखी २६ गते सम्म संन्चालन हुने हुदा सम्पुर्णमा जानकारीको लागि अनुरोध छ ।

पुर्ण प्रसाद दुलाल
प्रमुख प्रशासकिय अधिकृत

पुर्ण प्रसाद दुलाल
प्रमुख प्रशासकीय अधिकृत

## कोभिड-१९ को महामारीको समयमा खोप सेवा संचालनको लागि मार्गदर्शन

**१.खोप सेवा संचालन गर्दा सामाजिक दुरी कायम गर्ने**

- समुदाय/खोप सेसनमा खोप प्रदान गर्दा कम्तिमा ३ देखि ६ फिट दुरी कायम गरी पालैपालो खोप सेवा दिने व्यवस्था गर्ने
- सो को लागी जनप्रतिनिधि, स्वयंमसेविकाहरु मार्फत सकेसम्म टोल बस्तिबाट खोप केन्द्रमा आउने समय निर्धारण गरी सोही अनुसार जानकारी गराउने
- खोप सेवामा आएका सेवाग्राहीलाई खोप केन्द्रमा जनप्रतिनिधि, स्वयंमसेविकाहरुको सहयोगमा भिड नियन्त्रण तथा सामाजिक दुरी कायम गर्न व्यवस्था गर्ने

**२.बच्चालाई खोप दिन हुने नहुने अवस्थाको पहिचान गर्ने**

- खोप सेवा लिन आएका बालबालिकाहरुलाई तत् समयमा ज्वरो, सुख्खा खोकि (कोभिडका शंकास्पद लक्षण चिन्हहरु) भएमा खोप नदिने । सो अवस्था पहिचान गर्न स्वयमसेविका तथा जनप्रतिनिधिहरु बाट सहयोग लिनें
- कोभिड १९ को शंकास्पद वच्चा तथा अभिभावकहरु लाई आबश्यक परिक्षणको लागि ज्वरो जांच (Fever Clinic) गर्ने अस्पताल तथा स्वास्थ्य संस्थामा पठाउने ।
- पछि बच्चा निको भए पछि खोप दिन/लिन परामर्श र व्यवस्था गर्ने

**३.खोप दिने स्वास्थ्यकर्मीको व्यक्तिगत सुरक्षाको व्यवस्था**

- खोप दिने स्वास्थ्यकर्मीले अनिवार्य रुपमा कम्तिमा सर्जिकल मास्क, डिस्पोजेवल ग्लोव्सको प्रयोग र शुरुमा तथा आवश्यकता अनुसार नियमित साबुनपानीले हात धुने तथा निरन्तर हेन्ड सेनिटाइजरको प्रयोग गरेर खोप सेवा संचालन गर्ने
- व्यक्तिगत सुरक्षाको सामाग्रीहरु स्वास्थ्य कार्यालय र स्थानिय तहहरु बाट समन्वय गरी व्यवस्थापन गर्ने

**४.लक्षित सबै बालबालिकालाई खोप लगाउने व्यवस्था गर्ने**

- लक्षित बालबालिका (१५ महिना भित्रका) हरु सबै खोप सेवामा आएको सुनिश्चत गर्ने
- समुदाय तथा टोलबाट सबै बालबालिकाहरुलाई खोप लगाउन ल्याउन जनप्रतिनिधि, स्वयमसेविका र सरोकारवालाहरुको सहयोग र परिचालनको व्यवस्था गर्ने

**५.खोप सेवा संचालन गर्न सबै सरोकारवाला निकायमा समन्वय र जानकारी गर्ने**

**नोट :**

१. खोप सेवा संचालन गर्दा खोप कोल्डचेन व्यवस्थापन र गुणस्तर कायम गर्न साबिकको निर्देशिका र मापदण्ड अनुशरण गर्ने
२. हालको अवस्थामा खोप कोल्डचेन वितरण तथा ढुवानी स्वास्थ्य कार्यालय र स्थान्निय तहको समन्वयमा गर्ने
३. रुघाखोकी तथा ज्वरो आएका स्वास्थ्यकर्मी तत् समयमा खोप सेवामा संलग्न नहुने
४. खोप सेवा संचालन सँगै खोप सेवामा आएका सेवाग्राहीहरु मार्फत कोभिड १९ को रोकथाम तथा नियन्त्रणका उपायहरुको बारेमा परामर्श गर्ने
५. यसै साथ संलग्न निर्देशिकाहरु र आधारभुत स्वास्थ्य सेवा प्याकेज सबै सरोकारवालाहरु निकायमा जानकारी एवम् उपलब्ध गराउने व्यवस्था गर्नुहुन